

# हेटौँडाका पर्यापर्यटकीय गन्तव्यहरू


हेटौँडा उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, हेटौँडा, मकवानपुर

फोन : ०५७-५२३०४४, ५२४६८८, ५९०१०२, ५२५८३९

इमेल : info@hetaudamun.gov.np

वेव साइट : https://hetaudamun.gov.np

# हेटौँडाको संक्षिप्त परिचय

महाभातकालीन किम्बदन्ती अनुसार पाण्डवहरु वनवासको क्रममा आमा कुन्तीको सहमतिमा भीमले राक्षस हिडिम्बासित विहे गरेपछि हिडिम्बाको कोखबाट जन्मेको पुत्र घटोत्कच र हिडिम्बाको वासस्थान यसै स्थानमा भएको नाताले उनीहरुकै नामबाट यस ठाउँको नाम हेटौँडा रहेको भन्ने जनविश्वास छ । "हिडिम्बा" र शक्ति स्वरूपिणी माता भुटनदेवीको ऐतिहासिक तथा धार्मिक पृष्ठभूमिमा मानव बसोबासको लागि योग्य शहरको आधारभूत पूर्वाधार संरचना तथा भौतिक विकासको गतिमा अगाडि बढिरहेको हेटौँडा अधिराज्यका २ राष्ट्रिय राजमार्गहरु महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सङ्गमस्थलमा अवस्थित छ । नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका दश स्थानीय तह मध्येको एक हेटौँडा उपमहानगरपालिका बागमती प्रदेशको राजधानीको रुपमा अवस्थित रहेको छ । नेपालको मध्य भागमा रहेको हेटौँडालाई वि.स. २०२६ सालमा नगर पञ्चायत घोषणा गरिएको थियो । २०७१ मङ्सिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौँडा उपमहानगरपालिका स्थापना भयो ।

### हेटौँडाका प्रमुख विशेषताहरूः

❖ देशको प्रमुख २ राजमार्ग महेन्द्र राजमार्ग तथा त्रिभुवन राजपथको सङ्गमस्थल,

❖ राजधानीबाट नारायणगढ हुँदै २२४ कि.मी. नौबिसे दामन हुँदै १३२ कि.मी. तथा राजधानीबाट जोड्ने द्रुतमार्ग हुँदै ७६ कि.मि को दक्षिण दूरीमा अवस्थित,

❖ चुरे र महाभारत पर्वतको फेदीमा अवस्थित, उष्ण तथा समशीतोष्ण हावापानी,

❖ हेटौँडा उपमहानगरपालिकाभित्र ६३ वटा सामुदायिक वन उपभोक्ता

समूह रहेकोमा १४ वटा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह रहेको छ ।

- ❖ मकवानपुर जिल्लाको सदरमुकाम,
- ❖ देशको तेस्रो ठुलो औद्यौगिक नगर,
- ❖ भारतसँगको प्रमुख नाका वीरगन्जसँग राजधानी जोड्ने एक मात्र द्वार ।

## भौगोलिक अवस्थिति:

❖ उचाई: समुद्र सतहबाट ३३५ मिटर उचाइमा अवस्थित,

❖ प्रशासनिक विभाजन अनुसार वडा सङ्ख्या: १९

❖ क्षेत्रफल २६१ वर्ग कि.मी.

## सीमाना:

पूर्व : बकैया गाउँपालिका

पश्चिम : मनहरी र राक्सिराङ्ग गाउँपालिका

उत्तर : मकवानपुर गढी, भीमफेदी र कैलाश गाउँपालिका

दक्षिण : पर्सा जिल्ला र बारा जिल्ला

## प्रमुख नदीहरू:

राप्ती

कर्रा

सामरी

चकरी खोला

## जनसङ्ख्याको विवरण

राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार उपमहानगरपालिका कूल जनसङ्ख्या १,९३,५७६ र घरधुरी सङ्ख्या ४६,५६६ रहेको छ ।

## पुष्पलाल पार्क


पुष्पलाल पार्क, हेटौँडा-५ (१ किलोमिटर बुद्धचोकबाट पूर्व)

पुष्पलाल पार्क घुमेर फर्कनेहरूले यहाँ रहेको पोखरीलाई हेटौँडाको रानीपोखरी पनि भन्ने गर्छन् । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलालको स्मृतिमा यो पार्कको स्थापना गरिएको हो । हेटौँडा उपमहानगर पालिकाले स्थापना गरेको यो पार्कभित्र एउटा पुस्तकालय पनि रहेको छ ।

## सहिद स्मारक


सहिद स्मारक, हेटौँडा-११ (४ किलोमिटर पश्चिम-उत्तर)

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २०५१ साल माघ १७ गते यो पार्कको उद्घाटन गरेका हुन् । २५ टनको एउटै ढुङ्गामा नेपालका सहिदहरू धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री र दशरथ चन्दको मुहारको प्रतिमा कुँदेर राखिएबाटै सहिद स्मारकलाई फैलाउने काम सुरु भएको हो । हाल यो पार्कमा मिनी चिडियाखाना, मदन भण्डारी, बीपी कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारी लगायतका प्रतिमाहरूका साथै अग्लो गणतन्त्र स्तम्भ समेत रहेको छ ।

## वनस्खण्डी






वनस्खण्डी मन्दिर, हेटौँडा-२ (१ किलोमिटर दक्षिण-पश्चिम)

हेटौँडा उपमहानगरपालिका वडा नं. २ मा अवस्थित वनस्खण्डी पिकनिक, विवाह, व्रतबन्ध लगयत विभिन्न किसिमका सार्वजनिक कार्यक्रम गर्नको लागि उचित गन्तव्य हो । पहाडको फेदी र हराभरा वनजङ्गलको बिच स्थापना गरिएको यो क्षेत्र रमणीय छ। यहाँ दसैंको फूलपाती भित्र्याउने कार्य अति नै रमाइलो ढङ्गले गरिन्छ । मुख्य बजार क्षेत्रबाट नजिकै रहेकाले मन्दिर परिसरमा दैनिक साँझबिहान घुम्न आउनेहरूको भिड लाग्ने गर्दछ। मन्दिर परिसरमा रहेका विभिन्न धार्मिक संरचना, सभाहल, फूलबारी, वनक्षेत्र, प्रतीक्षालयले यस क्षेत्रको आकर्षण बढाएका छन् ।

## माछा प्लान



यो क्षेत्र हेटौँडा बजारबाट अढाइ किलो मिटरको दुरीमा रहेको छ । प्राकृतिक जलाशय मत्स्य प्रवर्धन एवम् संरक्षण केन्द्रले ७२ बिगाहा क्षेत्रफल ओगटेको छ । चरा पर्यटनको लागि अति नै महत्त्वपूर्ण यस क्षेत्रमा गर्मी र जाडो महिनामा देश बाहिरबाट पनि विभिन्न प्रजातीका चराहरू आउने गर्दछन् ।

## गुम्बाडाँडा





गुम्बाडाँडा, हेटौँडा-१८ (१८ किलोमिटर बुद्धचोकबाट पूर्व)

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, पर्यापर्यटकीय पार्क गुम्बाडाँडा र समसामयिक नेपाली मूर्तिकार समूह (आरम्भ) ले २०६९ मंसिर ११ गतेदेखि २३ गतेसम्म अन्तराष्ट्रिय मूर्तिकला कार्यशाला आयोजना गरेको थियो। त्यसमा सहभागी ६ देशका २३ कलाकारले बनाएका २३ वटा मूर्ति यो पार्कमा राखिएका छन्। यसै पार्कमा ढुङ्गाको २५ फिट अग्लो बुद्धको मूर्ति समेत रहेको छ।

## बुद्ध पार्क




बुद्ध पार्क, हेटौँडा-११ (१ किलोमिटर पश्चिम)

हेटौँडाको थानाभऱ्याङमा अवस्थित बुद्धपार्क वि.स. २०७९ बुद्धजयन्तीका अवसर पारेर उद्घाटन गरिएको हो। यहाँ सार्वजनिक जग्गामा बुद्धको मूर्ति स्थापना गरेर पार्कसमेत निर्माण गरिएको छ। हेटौँडा उपमहानगर पालिका र स्थानीय समाजसेवीको सहयोगमा निर्मित पार्कलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै लैजाने योजना रहेको छ।

## गोरक्षेश्वर

यो मन्दिर १० माघ २०४४ का दिन स्थापना गरिएको हो । यो मन्दिरको प्राङ्गणमा अन्त्येष्टि धर्मशाला, हनुमान मन्दिर, सप्तऋषि स्तम्भ स्थापना गरिएको छ । २०५६ सालबाट मन्दिरको हाता भित्र आधारभूत विद्यालयको रूपमा संस्कृत वेदविद्यालय सञ्चालित छ । यहाँ वर, पिपल, शमी, श्रीखण्ड, रक्तचन्दन, रुद्राक्ष जस्ता महत्त्वपूर्ण विरुवाहरूसमेत हुर्किएका छन् ।



गोरक्षेश्वर क्षेत्र/हनुमान मूर्ति, हेटौंडा-१० (१ किलोमिटर पश्चिम)

## मनकामना मन्दिर

यो मन्दिर हेटौँडा बजारबाट उत्तर-पूर्वी डाँडामा अवस्थित छ, जहाँबाट हेटौँडाको सुन्दर दृष्य अवलोकन गर्न सकिन्छ । यो मन्दिरलाई गोरखा मनकामना मन्दिरको बहिनीको रूपमा लिइन्छ । मकवानपुर गढी गाउँपालिका र हेटौँडा उपमहानगरपालिकाको सीमानामा उच्च भागमा रहेको यो मन्दिर वि.स. २०१६ सालमा स्थापना भएको मानिन्छ । हेटौँडाको मुख्य बजारबाट एक घण्टाको पैदल यात्रामा पुगिने उक्त धार्मिक एवम् पर्यटकिय क्षेत्रमा जिल्लाभित्र तथा जिल्लाबाहिरबाट भक्तजन र पर्यटकहरूको भीड लाग्ने गर्छ ।



मनकामना मन्दिर, हेटौँडा-५ र मकवानपुरगढी गा.पा. सिमाना (६ किलोमिटर पूर्व)

## भुवनेश्वर (पशुपति) मन्दिर

हेटौँडाको हुप्र चौरमा अवस्थित भुवनेश्वर मन्दिरको उद्घाटन राजा वीरेन्द्रले २०५२ सालमा गरेका हुन्। १० कट्ठा ७ धुर क्षेत्रफलमा बनेको भुवनेश्वर सेवा समितिमा सात सय भन्दाबढी आजीवन सदस्यहरू रहेका छन्। सेवा समितिको हाताभित्र ४५० जनासम्म हट्ने सेमिनार हल समेत रहेको छ।



पशुपति मन्दिर, हेटौँडा-४ (१ किलोमिटर दक्षिण)

## दक्षिणकाली मन्दिर

हेटौँडा सानोपोखरामा अवस्थित यो मन्दिर धार्मिक एवम् पर्यटकीय क्षेत्रको रूपमा विकसित हुँदै गएको छ। यहाँको सुन्दर,शान्त वातावरण र हरियाली क्षेत्रको अवलोकन गर्न जानेहरूको भिड लाग्ने गर्छ। विशेष गरेर दसैंको नौरथामा यहाँ भक्तजनहरूको आवतजावत उल्लेखनीय रूपमा हुने गरेको छ।





दक्षिणकाली मन्दिर, हेटौँडा-५ (१ किलोमिटर दक्षिण-पश्चिम)

# कुष्माण्ड सरोवर



कुष्माण्ड सरोवर त्रिवेणीधाम, हेटौँडा-९ (४ किलोमिटर दक्षिण)

रत्नावती, कर्णावती र कौशवाही नदीको सङ्गम स्थलमा कुष्माण्ड सरोवर अवस्थित छ । तीन नदीको सङ्गममा बसेर कुष्माण्ड भगवतीले तपस्या गरेर सिद्धि प्राप्त गरेको भनी स्कन्द पुराणको हिमवत खण्डको ७६ औं श्लोकमा (सच्याउने) उल्लेख भएको हुँदा यस पवित्र भूमिमा कुष्माण्ड भगवतीको स्थापना गरी १०८ गौमुखी धारा स्थापना गरिएको छ । यहाँ माघ स्नान गर्ने र कार्तिक महिनामा कुभिन्डो दान गर्ने प्रचलन छ । मन्दिर परिसरभित्र हेटौँडा उपमहानगरपालिका, बागमती प्रदेश पर्यटन मन्त्रालय लगायतको सहयोगमा स्थापना भएको सिसमहल सर्वसाधारणको लागि २०७८ माघ महिनाबाट खुला गरिएको थियो । मन्दिरको हाताभित्र भगवतीको मूर्ति, जलाशय, पार्क आदि रहेका छन् । यहाँ आन्तरिक तथा बाह्य पर्यटकहरूको समेत बाक्लो उपस्थिति हुने गरेको छ ।







# रूद्रेश्वर मन्दिर



रूद्रेश्वर मन्दिर, हेटौँडा-५ (४ किलोमिटर पूर्व)

पिप्ले सानोपोखरा सामुदायिक वनभित्र पर्ने यो मन्दिर धार्मिक एवम् पर्यटकीय क्षेत्रको रूपमा विकसित हुँदै गएको छ । यहाँको सुन्दर, शान्त वातावरण र हरियाली क्षेत्रको अवलोकन गर्न जानेहरूको भिड लाग्ने गर्छ ।

# तपोवन पर्यापर्यटन



तपोवन, हेटौँडा-१९ (१३ किलोमिटर दक्षिण)

चनौटा सामुदायिक वन उपभोक्त समूहले उप-समितिको रूपमा पर्यटन समिति गठन गरेर तपोवन पर्यापर्यटन क्षेत्रको संरक्षण गर्दै आएको छ । धार्मिक पर्यटनको रूपमा सञ्चालित यस क्षेत्रमा शिव लगायत हिन्दु धर्मका सम्पूर्ण देवी देवताहरूको मूर्ति भएको मान्यता रहेको छ । यो क्षेत्रमा रहेको पुरानो चौरको संरक्षण गर्दै उपभोक्ता समितिले यहाँ पिकनिक क्षेत्रहरूको समेत निर्माण गरेको छ ।

# भूटनदेवी मन्दिर



भुटनदेवी मन्दिर, हेटौँडा-१० (१ किलोमिटर दक्षिण)



भुटनदेवी मन्दिर हेटौँडा उपमहानगरपालिकामा अवस्थित एक प्रसिद्ध शक्तिपीठ हो । किम्बदन्तीअनुसार माहाभारत कालीन समयमा पाँच पाण्डवहरू वनबासमा रहँदा यस स्थानमा पाण्डव र हिडम्बासुर नामक राक्षसका बिचमा युद्ध भएको थियो, सो युद्धमा भीमसेनले हिडिम्बाको वध गरेका थिए। महाभारतकालीन इतिहास बोकेको यस मन्दिरमा दैनिकजसो हिन्दु धर्मावलम्बी भक्तजन तथा आन्तरिक पर्यटकहरूको घुइँचो लाग्ने गर्दछ। हिन्दुहरूको महान चाड बडा दसैं तथा विषासय पूजामा धर्मालम्बीहरू एवम् पर्यटकहरूको भीड लाग्ने गर्दछ। विशेष गरी शनिबार तथा चाडपर्वमा भुटनदेवीमा गहिरो आस्थाका साथ देश विदेशबाट दर्शनार्थीहरू आउने गर्दछन्।

# चुरिया सुरुङमार्ग तथा चुरियामाई मन्दिर





नेपालका पहिलो सिभिल इन्जिनियर डिल्लीजङ्ग थापाले डिजाइन गरेको चुरिया सुरुङमार्ग सन् १९१७ मा बनेको थियो। पथलैया- हेटौंडा सडक निर्माण भएपछि यो सुरुङ संचालनमा आउन छोडेको हो। उक्त सुरुङमार्ग ९ फिट चौडाइ र १० फिट उँचाइ र ५०० मिटर (१६०० फिट) को छ। काठमाडौंका लागि तराईबाट हुने आपुर्ति र यातायात सहज बनाउने उद्देश्यले यो सुरुङमार्गको निर्माण गरिएको थियो। टोनी हेगनले आफ्नो पुस्तक 'नेपाल' मा यो सुरुङमार्ग एसियाकै पहिलो सुरुङमाग भएको उल्लेख गरेका छन्। हाल उक्त सुरुङमार्गलाई संरक्षण प्रदान गर्ने कार्य भइरहेको छ। सन् १९१७ मा चुरे पहाडको फेदीमा सुरुङ खन्ने क्रममा मूर्तिको उत्पति भएकोले उक्त मुर्तिलाई 'चुरीयामाई देवी' नामाङ्करण सुरुङकै मुखमा स्थापना गरी सुरुङ खन्नेकाम गरिएको तथ्य बाहिर आएको बुझिन्छ।

## रानी सामुदायिक वन



हेटौंडा उपमहानगरपालिका वडा नं. - ६ मा रहेको रानी सामुदायिक वन उपभोक्ता समूह देशकै परिचित वन समूह हो। वनजङ्गल र वन्यजन्तुको संरक्षण, उपभोक्ता परिचालन, आर्थिक पारदर्शिता र वन व्यवस्थापनमा सर्वोत्कृष्ट यो समूहले गणेशमान सिंह वन संरक्षण प्रथम पुरस्कार २०५७ लगायतका विभिन्न पुरस्कारहरू प्राप्त गरेको छ। जिल्ला वन कार्यालय मकवानपुरले २०५० सालमा यो वनक्षेत्रलाई समुदायमा हस्तान्तरण गरेको हो। यो समूह सर्वप्रथम २०४५ सालमा गठन भएको हो।

## वनस्पति उद्यान वृन्दावन



यो वनस्पति उद्यान मकवानपुर जिल्लामा पहिलो पटक २०१९ सालमा स्थापना भएको हो । २०२२ सालमा जिल्लाको दामन र टिष्टुङमा समेत वनस्पति उद्यान स्थापना भयो । मकवानपुर जिल्ला अन्तरगतका ३ वटा वनस्पति उद्यानहरूमा ६५० भन्दा बढी प्रजातीका वनस्पतिहरूको वंशाणु स्रोत संरक्षित छन् । जडिबुटीहरू सम्बन्धी अध्ययन र अनुसन्धान गरी खेती प्रविधिको विकास गर्ने, जडिवुटीको बिरुवा उत्पादन तथा वितरण गर्ने, जडिबुटी संरक्षण, खेती तथा प्रशोधनका बारेमा तालिम र सेवा प्रदान गर्ने, वनस्पतिको वंशाणु स्रोत संरक्षण गर्ने, सुगन्धित तेलयुक्त वनस्पतिहरूको तेल प्रतिशत परिक्षण गर्ने आदि कार्यहरू यस केन्द्रको प्रमुख उदेश्य रहेको छ ।

## रापती खोला



चौकीटोल लालभ्काडी पुल, हेटौंडा-१ (१ किलोमिटर उत्तर)

भीमफेदी गाउँपालिका अन्तरगत कोगटेमा अवस्थित दूधपोखरी रापती खोलाको मुहान हो । रापतीका सहायक खोलाहरू माण्डु, धोर्सिङ, रानीखोला, ओखरे, किसेडी, बाग्भ्कोरा नकौली, सामरी, कर्रा, कुखरेनी, सरस्वती, लेवट, वासुदेव खोला, ठाडोखोला, हाँडीखोला, जैसिङ्ग, मनहरी, लोथर आदि हुन् । दूधपोखरीबाट सुरु भएर नारायणी नदीमा मिसिँदासम्म यो खोलाको लम्बाई करिव १२५ किलोमिटर रहेको छ । हिजोआज रापती खोला आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि समेत उचित गन्तव्य बनेको छ ।

# वन विज्ञान अध्ययन संस्थान



वन विज्ञान अध्ययन संस्थान, हेटौँडा-१० (१ किलोमिटर दक्षिण)

यो क्याम्पस वि.स. २०१२ देखि भीमफेदी सुपिङमा सञ्चालन भई २०२१ देखि हेटौँडामा संचालित छ । स्नातक र स्नातकोत्तर तहको पठनपाठन हुने यो कलेजमा हरेक शैक्षिक सत्रमा स्नातक तहमा प्रति व्याच ८० जना विद्यार्थीहरूले अध्ययन गर्दछन् । स्नातकोत्तर तहमा जनरल फरेस्ट्रीमा प्रति व्याज २० जना र वन्यजन्तु विषयमा २० जनाको दरले पठनपाठन हुन्छ । हाल यो क्याम्पसमा ३७० जना विधार्थी अध्ययनरत छन् ।

# गोरक्ष ताल



गोरक्ष ताल, हेटौँडा-१८ (१८ किलोमिटर पूर्व-दक्षिण)

गोरक्ष ताल वर्षामा परेको पानीलाई जम्मा गरेर बनाएको ताल हो । वर्षाको पानीलाई जम्मा गरेर हिउँदमा सिँचाइ गर्ने उद्देश्य अनुरूप २०५४ सालबाट यो तालको निर्माण सुरु गरिएको थियो । यहाँको पानी ८० मिटर लामो भूमिगत सुरुङको निर्माण गरेर एक ठाउँबाट अर्को ठाउँमा लगिएको छ । चारै तर्फबाट सालको जङ्गलले घेरेको यो ठाउँमा नगर क्षेत्रका पर्यटकहरूको आगमन हुने गरेको छ ।

## राजमार्ग हरितपार्क

हेटौँडा उपमहानगरपालिका, राप्ती डिभिजन वन कार्यालय तथा चनौटा सामुदायिक वन उपभोक्त समूहको सहयोगमा २०७८ माघ महिनादेखि राजमार्ग हरित पार्कको निर्माण कार्य सुरु भएको हो । ०.७१ क्षेत्रफलमा फैलिएको यो पार्क निर्माणको मुख्य उद्देश्य भनेको वातावरण शुद्ध गर्नुरहेको छ। राजमार्गमा सार्वजनिक शौचालय नभएको अवस्थालाई मध्यनजर गर्दै यहाँ सार्वजनिक शौचालय समेत स्थापना गरिएको छ।



राजमार्ग हरितपार्क, हेटौँडा-१९ (११ किलोमिटर बुद्धचोकबाट पश्चिम)

## सालक पार्क

यो पार्क हेटौँडाबाट १० किलोमिटर पूर्व कान्ति लोकपथ सडकसँग जोडिएको छ । चुच्चेखोला सामूदायिक वन समूहको क्षेत्रभित्र रहेको यस पार्क लोपउन्मुख अवस्थामा रहेको वन्यजन्तु सालकलाई जोगाउन र त्यसको संरक्षणार्थ प्रचारप्रसार गर्न स्थापना भएको हो । पार्क परिसरमा सालक अवलोकन गर्न, वन क्षेत्रमा घुमफिर गर्न, फाँट तथा वस्तीहरूको अवलोकन गर्न, पिकनिक गर्न जानेहरूको यो क्षेत्रमा वाक्लो भिड लाग्ने गर्छ। वन तथा पर्यावरण संरक्षणका क्षेत्रमा क्रियाशील अध्येताहरूसमेत अध्ययन अनुसन्धानको सिलसिलामा यो क्षेत्रमा पुग्ने गरेका छन् ।




सालक पार्क, हेटौँडा-१७ (११ किलोमिटर बुद्धचोकबाट पूर्व)



लालझाडी, नकौली, पुण्यक्षेत्र, सहिद स्मारक हुँदै हेटौँडासम्म ५ घण्टा दुरी



वस्तीपुर, कुवापानी हुँदै वस्तीपुरसम्म ३ घण्टा दुरी

## अन्य हाइकिङ एरिया

- ❖ वनस्खण्डी, मनकामना, कालिखोला सामरीहुँदै हेटौँडासम्म
- ❖ चौकीटोल, लालझाडी, नकौली, पाथिभराहुँदै हेटौँडासम्म
- ❖ रातोमाटे नयाँवस्तीहुँदै ड्राइभरडाँडा आदि ।